*Nakano School of Business*

# अप्रिल 2026 अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना आवेदन

अप्रिल 2026 अन्तर्राष्ट्रिय विद्यार्थीहरूको भर्नाको बारेमा निम्नानुसार जानकारी गराउन चाहन्छौं।

## १. आवेदन अवधि

| | बुझाउने मिति | ध्यान दिनुपर्ने |
|---|---|---|
| **पहिलो आवेदन** | 2025 / 9 / 1 (**सोम**) ~ | **कार्यालय समय : बिहान** 9 : 30~ **साँझ** 4 : 30<br>※ **भर्ना संख्या पूरा भएपछि आवेदन स्वीकृत गरिने छैन।** |
| **दोस्रो आवेदन** | 2025 / 12 / 9 (**मंगल**) ~ | |
| **तेस्रो आवेदन** | 2026 / 2 / 12 (**बिही**) ~ | |

## २. भर्ना विभाग

| **विभागको नाम** | **अध्ययनको अवधि** | **स्नातक शीर्षक** |
|---|---|---|
| **अन्तर्राष्ट्रिय व्यवसाय कोर्स** | 4 वर्ष | **उच्च विशेषज्ञ**※ |
| **व्यवस्थापन सूचना व्यवसाय कोर्स** | 4 वर्ष | **उच्च विशेषज्ञ**※ |
| **व्यवस्थापन व्यवसाय कोर्स** | 2 वर्ष | **विशेषज्ञ (डिप्लोमा)** |
| **अर्थशास्त्र ・ लेखा व्यवसाय कोर्स** | 2 वर्ष | **विशेषज्ञ (डिप्लोमा)** |
| **IT डिजाइन बिजनेस कोर्स** | 2 वर्ष | **विशेषज्ञ (डिप्लोमा)** |
| **प्रोग्रामिंग बिजनेस कोर्स** | 2 वर्ष | **विशेषज्ञ (डिप्लोमा)** |
| **व्यावसायिक अंग्रेजी कोर्स** | 2 वर्ष | **विशेषज्ञ (डिप्लोमा)** |
| **ट्राभल ・ होटल व्यवसाय कोर्स** | 2 वर्ष | **विशेषज्ञ (डिप्लोमा)** |

कक्षा समय : हप्ताको 5 दिन (सोम～शुक्र) बिहान 9:30～दिउँसो 2:40　　　　भर्ना संख्या 470 जना

गर्मी बिदा : जुलाई मध्य～सेप्टेम्बर प्रारम्भ　　　　जाडो बिदा : डिसेम्बर मध्य～जनवरी प्रारम्भ

स्प्रिंग बिदा : फेब्रुअरी मध्य～अप्रील प्रारम्भ

※ अन्तर्राष्ट्रिय व्यवसाय विभाग र व्यवस्थापन सूचना व्यवसाय कोर्स (4 वर्षे पाठ्यक्रम) पूरा गरेकाहरूको लागि 「**उच्च विशेषज्ञ**」 विश्वविद्यालयको स्नातक बराबरको वा सोभन्दा माथिको शैक्षिक योग्यता भएको मान्यता प्राप्त गर्नुहुनेछ र स्नातकोत्तर (मास्टर्स) भर्नाको लागि योग्यता दिइनेछ।

## ३. आवेदन योग्यता (1)～(3)को सम्पूर्ण अवस्थाहरु पूरा गर्ने व्यक्ति।

(1) तपाईको देशमा 12 **वर्ष** नियमित विद्यालय शिक्षा पूरा गरेका,
वा माथिको भन्दा बराबर वा उच्च शैक्षिक योग्यता भएको मान्यता प्राप्त व्यक्ति।

(2) शिक्षा, संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मन्त्रीबाट प्रमाणित 「**प्रमाणित जापानी भाषा शैक्षिक संस्था**」 वा 「**न्यायमन्त्रीले सूचना जारी गरेका निर्दिष्ट जापानी भाषा शैक्षिक संस्था**」 मा 1 वर्ष भन्दा बढी समयदेखि जापानी भाषा शिक्षा प्राप्त गरेका व्यक्ति,
वा **विद्यालय शिक्षा ऐनको धारा।मा तोकिएको विद्यालय**मा **एक वा बढी वर्षको** शिक्षा प्राप्त गरेका व्यक्ति।

(3) विदेशमा अध्ययन गर्दा शिक्षण शुल्क र जीवनयापन **खर्च तिर्न पर्याप्तक्षमता** भएका व्यक्ति।

4． आवश्यक कागजातहरु

(1) **भर्नाको लागि आवेदन फारम** (फोटो 1टाँस्नुहोस् ठाडों4×तेर्सो 3cm) 入学願書

(2) **विद्यार्थी आईडीको लागि फोटो कार्ड** (फोटो 1टाँस्नुहोस् ठाडों4×तेर्सो 3cm) 学生証用写真票

(3) **आवेदक फारम** 出願者記入書

(4) जापानी भाषा विद्यालय **उपस्थिति प्रमाणपत्र, अपेक्षित स्नातक प्रमाणपत्र,** र **ट्रान्सक्रिप्ट**

(5) तपाईको देशमा अध्ययन गर्नुभएको अन्तिम विद्यालयबाट **स्नातक प्रमाणपत्र** र **ट्रान्सक्रिप्ट**

(6) **पासपोर्ट , जाइरियूकार्ड**

(7) **राष्ट्रिय स्वास्थ्य बीमा कार्ड, योग्यता प्रमाणपत्र** वा **पुष्टि पत्र** (国民健康保険証、資格情報のお知らせまたは資格確認書)

(8) **व्यय भुक्तानी विवरण** (सम्बंधित व्यक्तिको नाममा रहेको सबै बैंकबुकका सबै पृष्ठहरू)

(9) **हालको कर (वा कर छूट) प्रमाणपत्र** (खाजेईस्योउमेईस्यो) र **कर भुक्तानी प्रमाणपत्र** (नोऊजेइस्योउमेईस्यो)

कृपया माथिका कागजात लिएर विद्यालयमा आउनुहोस् वा हुलाक मार्फत पठाउनुहोस् । पेश गरिएका कागजात फिर्ता गरिने छैन।

5． छनौट विधि　आवेदन प्राप्त गरेपछि, कागजातहरू जाँच गरिनेछ र त्यसपछि लिखित जापानी परीक्षा लिइनेछ (जापानी भाषा परीक्षा JLPT N2 बराबर) र अन्तर्वार्ता लिइनेछ । **परीक्षा शुल्क लाग्ने छैन** । परीक्षाको नतिजा पत्र मार्फत सूचित गरिनेछ।

6． ट्यूशन शुल्क र भर्ना प्रक्रिया　परीक्षामा पास हुनुभएको छ भने, कृपया निम्न ट्यूशन शुल्क भुक्तान गरि भर्ना प्रक्रिया पूरा गर्नुहोला ।

| | **1 वर्षको ट्यूशन शुल्क** | | **2,3,4 वर्षको ट्यूशन शुल्क** |
|---|---|---|---|
| | **एकमुष्ट भुक्तानी गरेमा** | **तीन किस्तामा भुक्तानी गरेमा** | |
| **भर्ना शुल्क** | ¥200,000 | ¥200,000 | — |
| **शिक्षण शुल्क** | ¥750,000 | ¥750,000 | ¥750,000 |
| **शिक्षण सामग्री ・ प्रशिक्षण शुल्क** | ¥30,000 | ¥30,000 | ¥30,000 |
| **सुविधा शुल्क** | ¥200,000 | ¥200,000 | ¥200,000 |
| **उपकुल** | ¥1,180,000 | ¥1,180,000 | ¥980,000 |
| **अन्तर्राष्ट्रिय विद्यार्थी छात्रवृत्ति** | −¥250,000 | −¥200,000 | −¥50,000 |
| **कुल** | **¥930,000** | ¥980,000 | ¥930,000 |

(1) पहिलो वर्षको ट्यूशन शुल्क, निम्न ①, ② मध्ये कुनै एक विधिद्वारा भुक्तानी गर्नुहोला।

① एकमुष्ट भुक्तानी गरेमा : ¥930, 000 को 「परीक्षा पास भएको सूचना」 मा संलग्न गरिएको छ 「पहिलो वर्षको ट्यूशन शुल्कको सूचना」 तोकिएको समयमा भुक्तान गर्नुहोला।
ट्यूशन शुल्क पूर्ण रूपमा भुक्तान गर्नेहरूको लागि, 2026 / 1 पछि 「**प्रवेशपत्र**」 जारी गरिनेछ।

② तीन किस्तामा भुक्तानी गर्ने सम्बन्धमा : ¥980, 000 निम्नानुसार भुक्तान गर्नुहोला

・पहिलो भुक्तानी : ¥300, 000, 「पहिलो वर्षको ट्यूशन शुल्कको सूचना」 मा उल्लेख गरिएको मितिसम्म भुक्तान गर्नुहोला

・दोस्रो भुक्तानी : ¥300, 000, 2026 / 2 / 13 (**शुक्र**) सम्म भुक्तान गर्नुहोला
दोस्रो भुक्तानी पछि 「**प्रवेशपत्र**」 जारी गरिनेछ।
तर , तेस्रो आवेदनको सम्बन्धमा 「पहिलो वर्षको ट्यूशन शुल्कको सूचना」 मा उल्लेख गरिएको मितिसम्म भुक्तान गर्नुहोला ।

・तेस्रो भुक्तानी : ¥380, 000, 2026 / 9 / 11 (**शुक्र**) सम्म भुक्तान गर्नुहोला

(2) 2,3,4 वर्षको ट्यूशन शुल्कको बारेमा, ¥930, 000 निम्नानुसार भुक्तान गर्नुहोला

・2 वर्षको सम्पूर्ण ट्यूशन शुल्क : 2027 / 1 / 29 (**शुक्र**) सम्म भुक्तान गर्नुहोला

・3 वर्षको सम्पूर्ण ट्यूशन शुल्क : 2028 / 1 / 31 (**सोम**) सम्म भुक्तान गर्नुहोला

・4 वर्षको सम्पूर्ण ट्यूशन शुल्क : 2029 / 1 / 31 (**बुध**) सम्म भुक्तान गर्नुहोला

(3) प्रवेश रद्द गर्ने सम्बन्धमा

शिक्षण शुल्कको भुक्तानी पछि, अनिवार्य कारणले भर्ना रद्द गर्ने अवस्थामा ,
2026 / 3 / 31 (मंगल)अघि भर्ना रद्द गर्ने सूचना पेश गर्ने व्यक्तिलाई「18 文科高第 536 号」अनुसार भर्ना शुल्क बाहेकका शिक्षण शुल्क फिर्ता गरिनेछ।
2026 / 4 / 1 (बुध) पछि जुनसुकै कारण भएपनि , भुक्तान गरिएको शिक्षा शुल्क फिर्ता गरिने छैन।

यी निर्देशनहरु जापानी र नेपाली भाषामा तयार गरिएको छ र दुई संस्करण बिच कुनै भिन्नता भएमा जापानी संस्करण लाई प्राथमिकता दिइनेछ ।


सम्पर्क : 0422-48-2004

प्रोफेसनल ट्रेनिंग कलेज नाकानो स्कूल अफ बिजनेस